# सुखको खोजीमा

- **बद्री पौडेल**
न्यू योर्क , सं. रा. अमेरिका



सुखी जीवनको खोजीमा अमेरिका आएँ
सु:ख कहाँ रहेछ बल्ल पो थाहा पाएँ ।

सुनेको थिएँ, यता त रुखमा डलर फल्छ रे,
रुख चढ्न त जानेकै थिएँ
साथीभाइले आइफोन पठाइदिनु है भन्दा
हुन्छ पनि भनेकै थिएँ ।

डलर फल्ने केही रूख त रहेछन यहाँ
तर चढ्न लाइन लाग्न पनि अनुमति लिनु पर्ने
वर्षौं पर्खि लाखौँ खर्च गरि अनुमति पाईहाले पनि
चढ्नलाई भने लाइन लागेकासंग भिड्नै पर्ने ।

सुनेको थिएँ मगन्तेको पनि गाडी हुन्छ रे यहाँ
त्यसैले घुस ख्वाएर पनि नेपाली ड्राइभिंग लाइसेन्स लिएको थिएँ
न नेपाली लाइसेंस नै चल्ने यहाँ, न त नेपाली डिग्री नै
तर किन म हार खान्थे, वेटरको तालिम जो लिएको थिएँ ।

सातै दिन दस दस घण्टा मरेर काम गरेपनि
मालिकका गोली जस्ता बचनलाई हाँसेरै निले पनि
महिनाभरिको कोठा भाडा तिर्दा हातमा लाग्ने जिरो
यो भन्दा त राम्रो, आफ्नै गाउँमा पो थिएँ म हिरो ।

राष्ट्रपतिलाई समेत नछोड्ने यहाँको कानुनले
म जस्तालाई कुन बेला के गर्ने हो
रित्तो हात घर फर्कनु पर्दा
श्रीमतीकै अगाडी पनि कसरी पर्ने हो ।

डराई डराई जीउनुको मर्म अब पो थाहा पाएँ
सु:ख कहा रहेछ बल्ल पो चाल पाएँ ।